(ग) मगराँती वाङ्‌मयको द्रुत विकासका तीन वर्ष :वि.सं २०४७, २०४८, २०४९

## अ. ऐतिहासिक जन आन्दोलन अघिको अवस्था :

विगत पंचायतीकालमा आफ्नो इतिहास, भाषा, संस्कृतिको खोजी गरि प्रकाशनमा ल्याउनु फलामको च्यूरा चपाउनु सरह थियो । अलिकति जातीय कुरा गऱ्यो कि साम्प्रदायिकताको आरोप लाग्ने डर रहन्थ्यो । तथापि छिटफुट रुपमा जातीय सामाजिक संगठनहरु कृयाशील थिए भने विभिन्न प्रकाशनहरु पनि बेलाबखतमा प्रकाशित हुन्थे । जनजातीय सुस्केरा बोकेर **"कोङ्पी", "सेरोफेरो"** जस्ता पत्रिका प्रकाशित भएका थिए भने **प्राध्यापक केशरजंग बराल मगरको "मगर कुरा कुट जाट्म ङाक्के ? (मगर भाषा कसरी बोल्ने ?)** (२०३७), **धर्मप्रसाद श्रीस मगरको "मगराँती संस्कृति"** (२०३८) लगायत अरु एकाध कृति प्रकाशित भएको पाइन्छ । त्यस्तै, **नेपाल लाङ्‌घाली संघले "लाङ्‌घाली"** मुखपत्रको ४ वटा अंक, **संघको तनहुँ जि.स.**ले प्रकाशन गरेको **"सेच लामाङ ह्वाई"** (२०४०) पनि उतिबेलाको सन्दर्भमा उपलब्धि नै मान्नु पर्दछ ।

## आ. ऐतिहासिक जन-आन्दोलन पछिको अवस्था :

अबभने ०४६ सालको ऐतिहासिक जन आन्दोलन पश्चात देशमा प्रजातन्त्रको पूनर्बहाली भएदेखि यता जनताले आ-आफ्नो हक अधिकारको उपयोग गर्न पाउने वातावरण सृजना भएको छ । जसको प्रतिफल स्वरुप मगरहरुमा पनि नयाँ चेतना र जागरणको लहर फैलिनु स्वभाविक हुन आउँछ । यसैबीच, मगर जातिबारे लेख, पुस्तक, पत्रपत्रिका प्रकाशनको बाढी नै चल्न थालेको छ र अचेल प्राय: कथ्य रुपमा रहेको मगराँती भाषा लेख्य रुपमा तिव्र विकसित हुँदै गएको आभास मिल्न थालेको छ । जसले मगराँती वाङ्‌मयको इतिहासमा सर्वथा संगठित र व्यवस्थित रुप लिंदै गएको स्थिति देखा परेको छ । यस हिसाबले ०४६ को जन-आन्दोलन पछिका ३ वर्षहरु (०४७, ०४८ र ०४९) मगराँती वाङ्‌मयका प्रशंसा गर्न लायक विकास वर्ष रहे । जति अपेक्षा गरिएको थियो शायद, त्यो भन्दा बढ्‌ता नै पो भयो कि ? प्रस्तुत लेखमा उल्लेखित तीन वर्षका मगराँती वाङ्‌मयलाई क्रमश: लिपिबद्ध गर्ने प्रयास गरिएको छ ।

मगराँती वाङ्‌मयमा विशेष गरी वि. सं. २०४७ देखि नै क्रमबद्ध र उल्लेख रूपमा मगराँती रचना कृतिहरू देखिन थालेका हुन् । २०४७ मा ४ वटा रचना कृति, २०४८ मा ७ वटा रचना कृति मध्ये २ वटा पत्रिका (वार्षिक मुखपत्र), २०४९ मा ३ वटा नयाँ मुखपत्र, २ वटा पुरानै मुखपत्रको नयाँ अंक र लाफाको थालनी तथा ६ वटा रचना कृति प्रकाशित भएको पाइन्छ भने २०५० सालको साउन मसान्तसम्ममा थप ३ वटा रचना कृति, २ वटा नयाँ मुखपत्र प्रकाशित भएका छन् । त्यस्तै, केहि रचना कृति, मुखपत्रहरू शिघ्र प्रकासोन्मुख अवस्थामा रहेको खबरले हामीलाई खुलदुली बनाउनै पर्छ । (मगराँती वाङ्‌मय- २०४७, मगराँती वाङ्‌मय- २०४८ र मगराँती वाङ्‌मय- २०४९ मा प्रकाशित सामाग्रीहरूको समिक्षा लम्बिन गएकोले आगामी अंकहरूमा क्रमश: प्रकाशित गरिने छ । माथि उल्लेखित वर्षहरूमा प्रकाशित मगराँती रचना कृतिहरूको सामान्य चर्चा यसै लेखको विभिन्न शिर्षकहरूमा भैसकेको छ ।)

वि.सं. २०५० साल भर्खर पाइलो टेक्दै छ । यसको पूराकालसम्म मगराँती वाङ्‌मयमा थप रचना सामाग्रीको आशा गर्न सकिने थुप्रै सम्भावनाका फूलहरु हाम्रो सामु देखिएकाछन् । भावि वर्षहरूमा पनि थप नयाँ मगराती रचना कृतिहरू अवश्य नै जन्मने छन् । यस कुरामा सन्देह जनाउनु पर्ने कुनै कारण छैन, बरू खाँचो छ- हौसलापूर्ण वातावरणको । यसर्थ, विषयन्तर हुँदैन भने विगतबाट शिक्षा, वर्तमानबाट उपलब्धी र भविष्यबाट सम्भावनाको अपेक्षा गर्न पाउनु नै निरन्तरता र प्रगतिको द्योतक हो भन्दा किञ्चित बढ्‌ता हुने छैन ।

## उपसंहार (टुङ्‌ग्याउनी) :

मगराँती वाङ्‌मयको इतिहासको साङ्गे-पाङ्गे रुप यिनै हुन् । समग्रमा भन्नु पर्दा मगर भाषा र सँस्कृतिको विकासको निम्ति यति मात्र प्रयास र उपलब्धीलाई प्रयाप्त मान्न सकिदैन । विशाल मगर समाज भित्र असंख्य मौलिक सँस्कृति रहेकाछन् । त्यस बाहेक भाषिक विविधता पनि यथावत छन् । यस्तो अवस्थामा अझ संस्थागत रुपमा यस्ता थप प्रयासहरु हुनु नितान्त जरुरी देखिन्छ । सरकारी तवरबाट पनि जनजातीय सँस्कृति प्रति उपेक्षाभाव नराखी समुचित सहयोग, सद्‌भाव र प्रोत्साहन गरिनु पर्छ । तबमात्र, राष्ट्र, राष्ट्रिय एकता एवं जातीय सद्‌भाव कायम रहन सक्छ । अन्यथा उपेक्षित साहित्य, सँस्कृतिको निम्ति अपमानित समुदायले चाल्ने हरप्रकारका उन्मुक्तिका कदमहरु निश्चय नै आक्रोशपूर्ण नहोलान् भन्न सकिदैन । त्यसले न त शासक जातिको कुनियतलाई क्षमा गर्ने छ, न त राष्ट्रिय एकता र राष्ट्रको सर्वाङ्गीण विकासको निम्ति नै हीतकर हुनेछ । विविधताको यो देशमा साँस्कृतिक एकीकरणको हैन, समान अवसरको खाँचो छ । यो बुझ्न आवश्यक छ - शासन सत्तामा बसेका राज्यको डाडु पन्यू लिएकाहरुले ।

अन्त्यमा, मगराँती वाङ्‌मय निर्माणको यस्ता श्रृंखलाबद्ध चरणहरु इतिहासको पानामा थपिदैं जाने कुरा त निर्विवाद नै छ । र, हाम्रो अगाडि उज्यालो भविष्य जगमगाइरहेछ- मगराँती वाङ्‌मयको । तथापि, टुङ्‌ग्याउनीमा यति चाहिं थप्नु छ- इतिहास आफैं बन्दैन, त्यो तपाईं-हामी जस्तै पौरखीहरुले निर्माण गर्नुपर्छ । त्यसो भए, के मगराँती वाङ्‌मयको निर्माणमा तपाईं-हाम्रो प्रत्यक्ष वा अप्रत्यक्ष भूमिका (CONTRIBUTION) रहँदै आएको छ त ? ❑